दैनिक पत्र
dainikpatra.com



# लुम्बिनी सहकारीमा आधारभूत सहकारी शिक्षा तालिम




बुटवल, २४ मंसिर (दैपस)- लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. बुटवल-४, रूपन्देहीले सोमबार देवीनगर सेवा केन्द्रमा आबद्ध भएका नयाँ सदस्यहरूलाई आधारभूत सहकारी शिक्षा तालिम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा देवीनगर सेवा केन्द्रका ६० जना सदस्यहरू सहकारी शिक्षाबाट लाभान्वित भएका छन्।

उक्त कार्यक्रम संस्थाका अध्यक्ष महेश्वरप्रसाद श्रेष्ठको सभापतित्वमा र अन्टार्टिका भुवनसिंह विश्वकर्माको प्रमुख आतिथ्यमा रहेको थियो। प्रमुख अतिथि विश्वकर्माले आफ्नो मन्तव्य राख्दै यस किसिमका कार्यक्रमहरूले सदस्यहरूमा बचत गर्ने भावनाको जागृति गराउनुको साथै अपनत्वको भावना रहने विचार राखेका थिए।

कार्यक्रममा सञ्चालक सदस्य सुजिता सैंजूको स्वागत मन्तव्य, सहकारीका सञ्चालक सदस्य तथा शिक्षा उपसमिति संयोजक डा.द्वारिका प्रधानको धन्यवाद ज्ञापनमा भएको थियो भने अध्यक्ष महेश्वर प्रसाद श्रेष्ठले संस्थाको बिषयमा र कार्यक्रमको सम्बन्धमा जानकारी गराएका थिए। विशिष्ट सहकारी संघमा गरिएको लगानी र सो संघले उत्पादन गरेको दुध, दही, पनिर र नौनी खाद्यबाट प्रमाणित गरी प्रयोग गर्न लाभप्रद रहेको समेत जानकारी दिए।

संस्थाको शिक्षा उपसमितिका सहसंयोजक तथा प्रशिक्षक डा.बाबुराम ज्ञवालीले आधारभूत सहकारी शिक्षा तालिम बिषयक कार्यपत्र प्रस्तुत गरेका थिए। व्यवस्थापक विनोद प्रताप ज.ब.रा.ले संस्थाका क्रियाकलापहरूको र संस्थाको वित्तीय कारोबारको बारेमा जानकारी गराउनुका साथै देवीनगर सेवा केन्द्रको संस्थाको परिचय, बचत योजनाहरूको ब्याजदर सम्बन्धी जानकारी गराएका थिए।

# सिटिजन्स बैंकद्वारा शैक्षिक सामग्री सहयोग




काठमाडौं, २४ मंसिर (दैपस)- हालसालै मात्र विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर - २०२४ को उपाधि प्राप्त गर्न सफल भएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसै क्रममा विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका र युवाहरूका लागि काम गर्दै आएको मैत्री समाज नेपालसँगको सहकार्यमा बैंकले वीरेन्द्रनगर सुर्खेतमा अवस्थित श्रीकृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालयमा अध्ययनरत दृष्टिविहीन बालबालिकाहरूलाई ब्रेल शैक्षिक सामग्री प्रदान गरेको छ। विद्यालयमा आयोजित एक समारोहका बीच बैंकले सहयोगस्वरूप विभिन्न ब्रेल शैक्षिक सामग्रीहरू हस्तान्तरण गरेको हो। दृष्टिविहीन तथा अन्य अपाङ्गता भएका बालबालिकाहरूसँग पर्याप्त शैक्षिक सामग्री उपलब्ध नहुने र आवश्यक शैक्षिक सुविधाहरूबाट बञ्चित हुने भएकाले ब्रेल पेपर र अन्य ब्रेल शैक्षिक सामग्रीहरूले उनीहरूको अध्ययनमा सहजता प्राप्ति होस् भन्ने अभिप्रायका साथ बैंकले सो सामग्रीहरू प्रदान गरेको हो।

सिटिजन्स बैंकले हालैमात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड" सञ्चालनमा ल्याएको छ। भौतिक कार्ड विना नै मोबाइलको माध्यमबाट स्क्यानगरी क्रेडिट कार्डको सुविधा उपभोग गर्न सकिने विशेषता यस भर्च्युअल क्रेडिट कार्डमा रहेको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १ सय ९७ वटा शाखा, १ सय ६२ वटा ए.टि.एम., ३ विस्तारित काउण्टर र ७४ वटा शाखारहित बैंकिङ्ग ईकाइहरूबाट १८ लाखभन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ।

# रुपन्देहीका संघसंस्थाले भने: बुटवलको मेला सबैको हो




बुटवल, २४ मंसिर (दैपस)- रूपन्देहीका संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूले बुटवलमा सञ्चालन हुने मेला आयोजक एउटा संस्थाको मात्रै नभएर सबै संघसंस्थाको र सिंगो रूपन्देहीको भएको बताएका छन्। बुटवल उद्योग वाणिज्य संघको आयोजनामा यही पुसको ३ गतेदेखि हुन गइरहेको औद्योगिक व्यापार मेलाका सन्दर्भमा सोमबार मेला स्थल बुटवलमण्डपमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा यस क्षेत्रका उद्योगी व्यवसायीका संस्थाहरूले मेला सबैको भएकाले यसको अपनत्व सबैले लिने प्रतिबद्धता व्यक्त गरेका हुन्। कार्यक्रममा बोल्दै बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले मेला तयारीका बारेमा जानकारी गराए। उनले मेला सञ्चालनका क्रममा गर्नुपर्ने थप तयारीका कुराहरूमा समेत सुझाव दिन आग्रह गरे।

सो अवसरमा रूपन्देही उद्योग संघका अध्यक्ष दीलिप सापकोटा, रूपन्देही व्यापार संघका वरिष्ठ उपाध्यक्ष प्रकाश ढकाल, उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डे, पश्चिम नेपाल यातायात व्यवसायी प्रा.लि.का अध्यक्ष दधि खरेलले बुटवलमा यहाँका तीन वटा संस्थाले आलोपालो मेला सञ्चालन गर्दै आएको र एउटाले गर्ने मेलामा अर्को संस्थाको पूर्ण साथ र सहयोग रहने बताए।

त्यसैगरी होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ रूपन्देहीका अध्यक्ष लेखनाथ भण्डारीले मेलाको अवलोकनकर्ता बढाउने गरी योजना बनाउन सुझाव दिँदै पछि समस्या नआउने गरी सुरुमै सचेत हुन आग्रह गरे। त्यसैगरी होटल तथा पर्यटन व्यवसायी माधव नेपालले पर्यटन व्यवसायको पनि प्रवर्द्धन गर्नेगरी मेलामा समेट्न आग्रह गरे।

उपभोक्ता हित संरक्षण मञ्च रूपन्देहीका अध्यक्ष समुन्द्र जिसीले उपभोक्तामैत्री व्यवस्थापनमा जोड दिए। कार्यक्रममा यस क्षेत्रको विभिन्न व्यवसायिक संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको सहभागिता रहेको मेला कार्यसम्पादन समितिका सचिव तथा प्रवक्ता मुक्तिप्रसाद अधिकारीले जानकारी गराए।

## पर्यटकीय ...

उनले भने, 'यसले समग्रमा लुम्बिनी र कर्णाली प्रदेशको समग्र क्षेत्रको आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्नेछ।' उनले संघमा कुनै राजनैतिक हस्तक्षेप नरहेको र निष्पक्ष रूपमा उद्योगी व्यवसायीहरूको हकहितमा काम गर्दै आएको बताए।

सिद्धार्थ उद्योगी वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष नेत्रप्रसाद आचार्यले लामो इतिहास बोकेको दुई उद्योगी व्यवसायीहरूको संघबीचको सहकार्यले व्यवसायी सँगै पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण भूमिकामा रहने बताए। साथै दुई क्षेत्रका उद्योगी व्यवसायीहरूको समस्या, चुनौती, अवसर र सम्भावनाका विषयमा छलफल भएको थियो। कार्यक्रममा सिद्धार्थ उद्योग वाणिज्य संघका महाससचिव कृष्णप्रसाद घिमिरे, सचिव मंगल भण्डारी, कोषाध्यक्ष कमल मरासिनी लगायत पदाधिकारी र कार्यसमिति, सुर्खेतबाट निर्वतमान अध्यक्ष धनबहादुर रावत, वरिष्ठ उपाध्यक्ष गणेशकुमार बस्नेत, वाणिज्य उपाध्यक्ष प्रेमबहादुर रावत, उद्योग उपाध्यक्ष सिंहराज बम, महिला उपाध्यक्ष तारा रावत, महासचिव भद्र भण्डारी, उपमहासचिव कृष्णप्रसाद सुवेदी, कोषाध्यक्ष रामप्रसाद पाण्डे लगायतको उपस्थिति थियो।

लुम्बिनी महोत्सवमा ४० जिल्लाका उत्पादन प्रदर्शनीका लागि राखिएको छ। यसमा सुर्खेतसहित कर्णाली प्रदेशका थुप्रै स्थानीय उत्पादन पनि स्टलमा रहेको संघले जनाएको छ। यसले पनि दुबै संस्थाको सम्बन्धलाई थप फराकिलो बनाएको जनाइएको छ। महोत्सवले स्वदेशी उत्पादन र पर्यटकीय विकासमा टेवा पुऱ्याई यस क्षेत्रको आर्थिक गतिविधिलाई फस्ट्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## मोतिपुर ...

त्यही घोषणा अनुसार सरकारले ८ सय १३ बिघा जग्गा मोतिपुर औद्योगिक क्षेत्र विकास समितिका नाममा ल्याइसकेको छ। पुर्जा प्राप्त नभएको १ सय ३३ दशमलव ४६ बिघासहित ९ सय ४६ दशमलव ४६ बिघाको डीपीआर तयार भइसकेको छ। २०७७ फागुन २१ गते तत्कालीन अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेल र तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले संयुक्त रूपमा औद्योगिक क्षेत्र शिलान्यास गरेका थिए। तर, बस्ती र जोतभोगको जग्गासमेत औद्योगिक क्षेत्रमा पारिएको भन्दै स्थानीयले विरोध गर्दै शिलान्यास कार्यक्रम नै अवरोध गरेपछि काम अघि बढ्न सकेको थिएन।

# प्याजमा आत्मनिर्भर हुन विदुरमा 'प्याज पकेट' कार्यक्रम

त्रिशूली, २४ मंसिर (दैपस)- नुवाकोटको विदुर नगरपालिकाले प्याजमा आत्मनिर्भर बनाउन 'प्याज पकेट' कार्यक्रम सञ्चालनमा ल्याएको छ।

विगतका वर्षमा परीक्षणको सुरु गरेको यस कार्यक्रमलाई चालु आर्थिक वर्षदेखि वडा नं ७ मा व्यावसायिक उत्पादन गरी नगरलाई प्याजमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको नगर प्रमुख राजन श्रेष्ठले जानकारी दिए। उनले पालिकालाई आत्मनिर्भर बनाउँदै किसानको आर्थिक उपार्जन वृद्धिमा समेत सहयोग पुऱ्याउन 'प्याज पकेट' कार्यक्रमलाई गौरवको योजनाका रूपमा सञ्चालन गरिएको बताए।

"प्याज पकेट क्षेत्रका किसानलाई आवश्यक पर्ने उन्नत जातका बिरुवाका लागि नगर पालिकाले अनुदानमा बीउ उपलब्ध गराएको छ", नगर प्रमुख श्रेष्ठले भने, "दुईवटा कृषि सहकारीलाई उन्नत जात (रेड क्रियोल)को बीउबाट बिरुवा उत्पादन गरेर पकेट क्षेत्रका किसानलाई सहुलियत शुल्कमा वितरणको प्रबन्ध मिलाएका छौं।"

विगतका परीक्षणका रूपमा सञ्चालन गरिएको कार्यक्रम प्रभावकारी बन्नुका साथै स्थानीय किसानको आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउन थालेपछि प्याजको व्यावसायिक उत्पादनलाई जोड दिइएको पालिकाको कृषि शाखाले जनाएको छ।

बीउ उपलब्ध गराएका किसानले बिरुवा रोप्न सुरु गरेदेखि उनीहरूलाई बजारिकरणसम्म सहयोग पुऱ्याउन विभिन्न कार्यक्रम समावेश गरिएको छ। कार्यक्रम सफल बनाउन कृषि औजार, सिँचाइ पाइप, प्राविधिक परामर्श दिइने जनाइएको छ।

Bhumikasthan Municipality
Office of the Municipal Executive
Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

## Request for Expression of Interest

Second Date of publication: 10-12-2024 (2081-08-25)

1. Government of Nepal (GoN) has allocated fund toward the cost of Conducting one month skill development training to prepare different products of Local raw materials (Poskar or Thakal Leaf) in 20 different places of Bhumikasthan Municipality and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited Expression of Interest (EOI) from eligible consulting firms ("consultant") for National consulting service.
2. Interested eligible consultants may obtain/download further information and EOI documentfree of cost on or before 24-12-2024 16:00 Hrs. by visiting e-GP system www.bolpatra.gov.np/egp.
3. Expressions of interest shall be delivered through e-GP system www.bolpatra.gov.np/egp on or before 25-12-2024 12:00 Hrs.
4. Expressions of interest shall be opened through e-GP system www.bolpatra.gov.np/egp on or before 25-12-2024 13:00 Hrs.
5. EOI will be assessed based on Qualification 40.0 %, Experience 50.0 %, and Capacity 10.0% of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
6. Minimum score to pass the EOI is 60.
7. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
8. The Expression of Interest (EOI) document must be duly completed and submitted by electronically only using the forms and instructions provided by the system.

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## विद्युतीय दरभाउपत्र आव्हान सम्बन्धी सूचना।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगरपालिकाको आर्थिक ऐन, २०८१ अनुसार नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला खयर र अन्य कु काठ समेतको बहुवर्षिय आ.व. २०८१/८२ देखि २०८२/ ८३ को असार मसान्तसम्म) गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आय संकलनको ठेक्का कबोल गर्न इच्छुक व्यक्ति वा फर्महरुबाट आवशयक कागजात संकलन राखी देहायको मिति र समयभित्र विद्युतीय दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

तपसिल

| सि. नं. | ठेक्का नं. | शीर्षकहरु | न्यूनतम रकम मु.अ.कर बाहेक | धरौटी रकम कबुल अंकको ५ प्रतिशत |
|---|---|---|---|---|
| १ | ०१/२०८१/८२ राजश्व | नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्रभित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला, खयर र अन्य कु काठ) समेत। (बहुवर्षिय आ.व. २०८१/८२ देखि २०८२/८३ को असार मसान्तसम्म)। | ९,००,०००। (नौ लाख) मात्र प्रति वर्ष | |

| | |
|---|---|
| बैंकको विवरण: राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय सन्धिखर्क, अर्घाखाँची। | दरभाउपत्र सम्बन्धी विस्तृत विवरण तथा कागजातहरु www.bolpatra.gov.np/egp. बाट तोकिएको दस्तुर तिरी खरिद गर्न सकिनेछ। विवरण प्रष्ट खुलाई तोकिएको समयमा अनलाईन मार्फत दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ। विस्तृत जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ। (सम्पर्क नं. ९८५७०२८९८८) |
| फाराम दस्तुरः रु. १,०००। रु (एक हजार) मात्र<br>खाता नम्बरः ३०५०१००३०३००००२<br>SANDHIKHARKA NP.PA. (GA-१-१)-AANTAR | |
| जमानत खाता (धरौटी खाता)<br>३०५०१००३०३००००२ | |

१. दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम मिति २०८१ साल पुस ११ गते अपरान्ह १२:०० बजेसम्म गरिसक्नु पर्नेछ।
२. दरभाउपत्र दर्ता गर्ने दिन सार्वजनिक विदा भएमा सोको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समय भित्र दर्ता गर्नु पर्नेछ।
३. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
४. दरभाउपत्र पेस गर्दा अनिवार्य रुपमा दरभाउपत्र फाराम डाउनलोड गरी प्रस्टसँग भरि अपलोड गर्नुपर्नेछ।
५. न्युनततम अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा सर्त राखी पेस गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

प्रमुख प्रशासकीय अधिकृत

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०८/२५ गतेको दैनिक पत्र राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय भैरहवा, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : महमद इसहाक धुनिया मु.**<br>ना.प्र.नं. ७१७१, जि.प्र.का. रुपन्देही, जारी मिति : २०३४/०५/१९<br>बाबुको नाम : हौसिल धुनिया, बाजेको नाम : रोजन धुनिया<br>ठेगाना : रुपन्देही जिल्ला, भैरहवा वडा नं. ८, हाल : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०८ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : शायरा शेष मु.**<br>ना.प्र.नं. ४०६१, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६१/०९/२६<br>पतिको नाम : महमद इसहाक धुनिया मु.<br>ससुराको नाम : हौसिल धुनिया<br>ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ | **२. नाम : अमिर आलम शेष**<br>ना.प्र.नं. ३७१०२३/४१७५९, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६७/०४/०६<br>बाबुको नाम : महमद इसहाक धुनिया मु.<br>बाजेको नाम : हौसिल धुनिया<br>ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ |
| | **धितोको विवरण** | |
| | शायरा शेष मुसलमानको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थित कित्ता नं. २४२ को क्षेत्रफल १३५.५० ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : मोहम्मद साहिद खाँ**<br>ना.प्र.नं. २/११८६०, जि.प्र.का. रुपन्देही, जारी मिति : २०५५/१०/०१<br>बाबुको नाम : अबु हरेरा मुसलमान, बाजेको नाम : तजमुल मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, बगाहा वडा नं. ७, हाल : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. १ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : अबु हरेरा मुसलमान**<br>ना.प्र.नं. ५२४५, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०३४/०३/१६<br>बाबुको नाम : तजमुल मुसलमान<br>बाजेको नाम : इस्माईल मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, बसन्तपुर वडा नं. ६<br>हाल : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. १ | **२. नाम : नसिमा खान**<br>ना.प्र.नं. ३७१०२२/३९७७९, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६६/०७/०५<br>पतिको नाम : मोहम्मद महफुज खाँ<br>ससुराको नाम : अबु हरेरा मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, बगाहा वडा नं. ७<br>हाल : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. १ |
| | **३. नाम : मोहम्मद आँदिल खाँ**<br>ना.प्र.नं. ३७१०२२/४१६५२, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६७/०३/३२<br>बाबुको नाम : अबु हरेरा मुसलमान<br>बाजेको नाम : तजमुल मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, बगाहा वडा नं. ७<br>हाल : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. १ | **४. नाम : मोहम्मद महफुज खाँ**<br>ना.प्र.नं. २/९५३८, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०५४/०९/०४<br>बाबुको नाम : अबु हरेरा मुसलमान<br>बाजेको नाम : तजमुल मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, बगाहा वडा नं. ७<br>हाल : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. १ |
| | **५. नाम : खलकुन निसा खाँ**<br>ना.प्र.नं. १/३२२, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०४६/०१/१४<br>पतिको नाम : अबु हरेरा मुसलमान<br>ससुराको नाम : तजमुल मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, बगाहा वडा नं. ७<br>हाल : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. १ | **६. नाम : शहिवा खातुन**<br>ना.प्र.नं. ३५९८, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६०/१२/१३<br>पतिको नाम : मोहम्मद साहिद खाँ<br>ससुराको नाम : अबु हरेरा मुसलमान<br>ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. १ |
| | **धितोको विवरण** | |
| | १. खलकुन निसा खाँको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बगाहा वडा नं. ७ स्थित कित्ता नं. १५० को क्षेत्रफल ०-०-११ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. मोहम्मद महफुज खाँको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बगाहा वडा नं. ७ स्थित कित्ता नं. १४९ र २४१ को क्षेत्रफल क्रमशः ०-०-१३ र ०-५-३ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : भैरहवा, रुपन्देही, फोन नं. ०७१-५७५०४६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्।
पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

माता मनकामना आरोग्य केन्द्र
पायल्स, फिसर, फिस्टुला क्षारसुत्र विधिद्वारा विशेष उपचार
दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श
डा. सन्तोष गौतम
वरिष्ठ आयुर्वेद चिकित्सक
यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि, सिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श
अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाव पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक यसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श
०७१-५३८८९३
९८४७३५२१२७
CALL NOW
माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि १०० मि. उत्तर मेन रोड)

ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
- ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
- यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।
सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्।
सिताराम सफा सेनेटरी
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२

L.B.F ईट्टा चाहिएमा
तपाईंको शहर भैरहवा, बुटवलमा बलियो, टिकाउ र भरपदो L.B.F. मार्का ईट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला।
सम्पर्कः
पडसरी-५, ठुटिपिपल, रूपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ।

ट्वाइलेट सफा गराउनुहोस
हाम्रा सेवाहरुः तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन। सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफटी वा रिङ्ग सफा गरिन्छ।
प्रो. राजेश प्रसाद
राजेश सेनेटरी सेवा, भैरहवा
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३